# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

गण्डकी प्रदेश, पोखरा ।

## सिनियर इन्जिनियर, आठौ तह, श्री चन्द्रकला गैह्रे (क.सं.नं २१६९०५) लाई सफाई पेश गर्ने बारेको अत्यन्तै जरुरी सूचना

**प्रकाशित मितिः २०८२/०७/१३**

प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह सिनियर इन्जिनियर, आठौं तह, कर्मचारी (संकेत नं २१६९०५) का तपाई चन्द्रकला गैह्रे मिति २०७९/१०/१६ देखि मिति २०८०/१०/१५ गते सम्म (एक बर्ष) असाधारण बिदा स्वीकृत गराई बिदा बस्नु भएकोमा बिदा समाप्त भए पश्चात मिति २०८०/१०/१६ देखि हालसम्म यस मन्त्रालयमा अनुपस्थित रहनु भएको, बिदा समेत स्वीकृत भएको नदेखिएकोले निजामती सेवा ऐन २०४९ को दफा ६१(१) को खण्ड (छ), एवं गण्डकी प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ९८(ङ) अनुसार (बिदा स्वीकृत नगराई ९० दिन सम्म लगातार आफ्नो कार्यालयमा अनुपस्थित रहेमा) यस मन्त्रालयमा हाजिर हुनुपर्नेमा के कति कारणले हाजिर नहुनु भएको हो? मनासिब कारण सहित बाटोको म्याद बाहेक १५ दिन भित्र सफाई पेश गर्न तपाईलाई निजामती सेवा ऐन २०४९ को दफा ६६, गण्डकी प्रदेश निजामती सेवा ऐन २०७९ को दफा १०४को प्रयोजनका लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र सफाई पेश नगरेमा कानून बमोजिम हुने ब्यहोरा जानकारी गराइन्छ ।